# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७६/०९/०९ गते नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)को पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली (नट्स) मार्फत संस्थागत ऋणपत्रको दुई वटा कारोबार भएका छन् । आज भएको पहिलो कारोबारमा एनएमबी सुलभ इन्भेस्टमेन्ट फन्ड-१ बिक्रेता र एनएमबी हाइब्रिड फन्ड खरिदकर्ता रहने गरी १० % सानिमा डिबेन्चर, २०८५ को २५ हजार कित्ता ऋणपत्र किनबेच भएको हो । त्यसैगरी एनएमबी सुलभ इन्भेस्टमेन्ट फन्ड-१ बिक्रेता र एनएमबी ५० खरिदकर्ता रहने गरी १०% सानिमा डिबेन्चर, २०८५ को २५ हजार कित्ता ऋणपत्र किनबेच भएको हो । यी दुई कारोबारबाट जम्मा ५० हजार कित्ता ऋणपत्र प्रतिकित्ता रु. ९६३/- का दरले रु. ४ करोड ८१ लाख ५० हजार बराबरको ऋणपत्र कारोबार भएको हो । यस अघि मिति २०७६/०३/०१ गते दुई वटा कारोबारमा १०% सानिमा डिबेन्चर, २०८५ को ४२ कित्ता किनबेच भएको थियो ।

नेप्सेले आफ्नो स्थापनाको उद्देश्य अनुरुप प्रचलित नियम कानुनमा परिभाषित भएका सबै किसिमका धितोपत्र कारोबार हुन सक्ने गरी कारोबार प्रणालीको विकास गरेको विषय स्मरणीय हुन आउँछ । लगानीकर्ताले आगामी दिनमा पनि यसैगरी नट्समार्फत ऋणपत्रको कारोबार गर्न सक्ने छन् । यस सन्दर्भमा साधारण सेयर, संस्थागत तथा सरकारी ऋणपत्र सहित अन्य धितोपत्रहरुको कारोबार सहज, सुरक्षित, पारदर्शी तथा विश्वसनीय ढंगले सञ्चालन गर्ने प्रतिवद्धता नेप्से व्यक्त गर्दछ ।

मिति : २०७६/०९/०९

मुराहरि पराजुली

प्रवक्ता


**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**

**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**email : info@nepalstock.com**